नेपाल सरकार
# सङ्घीय मामिला तथा सामान्य प्रशासन मन्त्रालय
सामाजिक समावेशीकरण तथा सामाजिक सुरक्षा शाखा
सिंहदरवार, काठमाडौं
फोन नं.०१-४२०००००

पत्र संख्याः २०७६/७७
चलानी नं. १८

नेपाल सरकार
सङ्घीय मामिला तथा सामान्य प्रशासन मन्त्रालय
सिंहदरबार, काठमाण्डौं

२०७६।०५।१०

विषयः अपाङ्गता परिचयपत्रको रङ्ग र ढाँचामा एकरुपता ल्याउने सम्वन्धमा ।

श्री स्थानीय तह सवै,

प्रस्तुत विषयमा महिला बालवालिका तथा जेष्ठ नागरिक मन्त्रालयको प.सं. ०७६/७७ च.नं. ०२, मिति २०७६/०५/०९ को अपाङ्गता परिचयपत्रको रङ्ग र ढाँचामा एकरुपता ल्याउने सम्वन्धि पत्र यसै साथ संलग्न छ । उक्त पत्रबाट व्यहोरा अवगत गर्नु भई सोहि अनुसार गर्ने व्यवस्थाको लागि मिति २०७६।०५।१० को निर्णयानुसार अनुरोध छ ।

<u>बोधार्थ</u>
श्री सूचना तथा प्रविधि शाखा, संघीय मामिला तथा सामान्य प्रशासन मन्त्रालय - Web-site मा अपलोड गरिदिनुहुन ।

७६।५।११

सुभद्रा सुवेदी
( शाखा अधिकृत)

नेपाल सरकार
महिला, बालबालिका तथा ज्येष्ठ नागरिक मन्त्रालय
(अपाङ्गता अधिकार प्रवर्द्धन शाखा)
सिंहदरबार,काठमाडौं
फोन नं. : ४२००१२५

पत्र संख्या : ०७६/०७७
च.नं : 2

मिति २०७६।०५।०९

श्री स्थानीय तह
(महानगरपालिका/उप-महानगरपालिका/नगरपालिका/गाँउपालिका) सबै ।

**विषय :- अपाङ्गता परिचयपत्रको रङ्ग र ढाचाँमा एकरुपता ल्याउने सम्वन्धमा ।**

नेपालमा अपाङ्गता भएका व्यक्तिको अधिकारलाई सुनिश्चित गर्न अपाङ्गता भएका व्यक्तिको अधिकार सम्वन्धी ऐन, २०७४ (पहिलो संशोधन, २०७५ सहित) कार्यान्वयनमा रहेको व्यहोरा अवगत नै छ । उक्त ऐनको दफा ६१ वमोजिम अपाङ्गता भएका व्यक्तिको परिचय पत्र वितरण कार्यविधि, २०७५ (नमुना) संघीय मामिला तथा सामान्य प्रशासन मन्त्रालय मार्फत सबै स्थानीय तहमा उपलव्ध गराई सकिएको छ । उक्त कार्यविधिलाई स्थानीय तहहरुले पारित गर्दै कार्यान्वयनमा ल्याईरहनु भएकै होला । कार्यविधिको दफा ६ वमोजिम गठित स्थानीय समन्वय समितिले दफा ५ मा उल्लेख भए वमोजिमको ढाँचा र रंगमा अपाङ्गता भएका व्यक्तिलाई परिचय पत्र उपलव्ध गराउने स्पष्ट व्यवस्था हुँदाहुदै कतिपय स्थानीय तहले वितरण गरेको परिचयपत्रको ढाँचा र रंग फरक फरक गरेको तथा कतिपय स्थानीय तहले हालसम्म वितरण शुरु नै नगरेको भन्ने जानकारी प्राप्त हुन आएको र सो का कारण सेवा सुविधा प्राप्त गर्न कठिनाई हुन सक्ने सम्भावनालाई समेत मध्यनजर गर्दै तोकिए वमोजिम नै एकरुपताका साथ परिचयपत्र वितरणको व्यवस्था गर्नु गराउनु हुन  मिति २०७६।०५।०९ को निर्णयानुसार अनुरोध छ ।

वोधार्थ /कार्यार्थ
श्री सङ्घीय मामिला तथा सामान्य प्रशासन मन्त्रालय
सिहंदरवार , काठमाण्डौ : उक्त व्यहोरा सवै स्थानीय तहमा परिपत्र गरिदिनुहन ।

ओमप्रसाद भट्टराई
शाखा अधिकृत

Email: mowcswdisablity@gmail.com, Website: www.mowcsw.gov.np